सेप्टेम्बर ८, २०२५ मा अपडेट गरिएको

## *LinkUW* को बारेमा

*LinkUW* ले *UW–Madison* मा हुने प्रशासनका कामहरू बदल्दै छ। हामीले समयमै र ग्राहक केन्द्रित समर्थन प्रदान गर्नेछौँ जसले स्कूल, कलेज र विभाजन पार्टनरहरूलाई विश्वविद्यालयको उद्देश्य अगाडि बढाउनमा ध्यान केन्द्रित गर्न सक्षम बनाउनेछ।

*LinkUW* को हालको पहिलो चरणमा, विश्वविद्यालयले मानव संसाधन तथा आर्थिक कर्मचारीहरूलाई परिचालन टोलीहरूमा संगठित गराउँदैछ जसले विश्वविद्यालयभरि धेरै युनिटहरूको लागि उच्च मात्रा वा समय सीमाबद्ध परिचालनमा काम गर्ने साथसाथै सेवा पाउने युनिटहरूलाई गुणस्तरीय सहयोग प्रदान गर्ने सुनिश्चित गर्नेछ।

यो *UW–Madison* मा भइरहेको समग्र प्रशासनिक रूपान्तरण प्रयासको एक हिस्सा हो। यो र अन्य महत्त्वपूर्ण पहलहरू पूरा गर्न हामी सबै मिलेर काम गर्न आवश्यक हुनेछ।

## कर्मचारी र युनिटहरूका लागि सकारात्मक लाभ

***LinkUW* मा हुने कर्मचारीहरूले:**

- प्रक्रियाहरू र जानकारीहरू सही र भरपर्दो हुने सुनिश्चित गर्नेछन्
- भविष्यका सञ्चालन प्रक्रियाहरू बनाउनेछन्
- तालिमहरूमा भाग लिनेछन् ताकि क्याम्पसभरि सेवा गर्ने युनिटहरूबाट आउने विभिन्न अनुरोधहरू र प्रश्नहरूमा सहयोग गर्न सकून्
- *HR* वा अर्थ भित्र धेरै कार्य क्षेत्रहरूमा विशेषज्ञता पाउनेछन्
- आफ्नो समूह र समुदायका समर्थन बढाउनेछन्

**भाग लिने युनिटहरूले यी कुराहरू अनुभव गर्नेछन्:**

- उद्देश्य समर्थन गर्ने उत्तरदायी र समयमै पाइने सेवा
- ग्राहकप्रति केन्द्रित टोलीले प्रदान गर्ने सेवा जसले पार्टनरहरूलाई *HR* र आर्थिक प्रक्रियाहरू बुझ्न मिल्ने सहयोग
- गुणस्तरमा राखिएको प्रक्रियाहरू मार्फत कम जटिलता

## के बदलिँदै छ ?

*LinkUW* ले शैक्षिक र प्रशासनिक युनिटहरू भित्र भइरहेको कामलाई *LinkUW* मा सारेर विश्वविद्यालयले केही आर्थिक र मानव संसाधन सेवाहरू सञ्चालन गर्ने तरिका बदल्नेछ।

## मैले के अपेक्षा गर्नुपर्दछ ?

*LinkUW* को मुख्य टोलीले पहिलो चरण (*Phase One*) का सहभागी युनिटहरूसँग वहाँहरूको हालको काम बुझ्न सहकार्य गरिरहेको छ। यसको लक्ष्य निरन्तर सुधार र संलग्न सल्लाहकार परिषद् र सहभागी युनिटहरूको प्रतिक्रिया मार्फत *UW–Madison* को लागि सबै भन्दा राम्रो सेवा प्रदान गर्ने नमूनाहरू विचारपूर्वक रूपमा डिजाइन गर्नु हो।

## सेवा

- *HR* सेवाहरूमा सुविधा, कामको समय र अनुपस्थिति, तलब, अडिटहरू (तलब बाहेक) तथा जागिर बदलहरू समावेश छन्
- आर्थिक सेवाहरूमा खरिद कार्डहरू, यात्रा र खर्च, खरिद, भुक्तानीहरू तथा सामान्य समर्थन समावेश छन्

## पहिलो चरणको कार्यान्वयन समयरेखा

चयन गरिएका युनिटहरू *LinkUW* मा सर्ने क्रममा सचेत हुनुपर्ने केही महत्त्वपूर्ण मितिहरू यहाँ दिइएका छन्।

- **अप्रिल – जुन २०२५:** हालमा कसरी काम गरिन्छ भन्ने बारे जानकारी सङ्कलन गर्ने ताकि *LinkUW* मा सर्ने युनिटहरूलाई अझ राम्रोसँग सहयोग गर्न सकियोस्।
- **जुलाई – डिसेम्बर २०२५:** सहभागी युनिटहरू र सर्ने कर्मचारीहरूसँग निरन्तर संलग्नता
- **डिसेम्बर १५, २०२५:** *LinkUW* आधिकारिक रूपमा शुरू हुने
- **डिसेम्बर १५ र त्यसपछि:** सेवामा सुधार ल्याउन निरन्तर मूल्याङ्कन र वृद्धि

प्रशासनिक रूपान्तरणको लागि संस्थागत सहयोग जारी रहनेछ। हाम्रो उद्देश्य *UW–Madison* मा हाम्रो काम गर्ने तरिकामा निरन्तर सुधार ल्याउनु हो।

## हामीलाई सम्पर्क गर्नुहोस्

यदि तपाईंको प्रश्नको उत्तर मिलेको छैन भने वा तपाईंलाई यस पहलप्रति प्रतिक्रिया प्रदान गर्न इच्छा भएमा, कृपया हामीलाई pilotsharedservice@vc.wisc.edu मा ईमेल पठाउनुहोला।